# दुल्लू नगरपालिका
# स्थानीय राजपत्र

खण्डः १० | संख्याः ९ | २०८३ असोज १४ गते


दुल्लू नगरपालिका,नगरकार्यपालिकाले वनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## भागः२

### कुकुर बन्ध्याकरण तथा रेबिज रोग नियन्त्रण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३

**प्रस्तावना:** रेबिज रोग मानव, पशु तथा अन्य स्तनधारी जनावरमा लाग्ने अति खतरनाक प्राणघातक जुनोटिक रोग हो। पशु तथा मानव स्वास्थ्यको दृष्टिकोणले ठूलो समस्याको रूपमा विद्यमान रेबिज रोगका कारण पशुपालक कृषकहरूले वर्षेनी आर्थिक क्षति व्यहोर्दै आएका छन्। अतः कुकुरको बन्ध्याकरण र रेबिज खोपको माध्यमवाट रेबिज रोग तथा कुकुरको संख्या नियन्त्रण गरी जनस्वास्थ्य पशुधन संरक्षणमा टेवा पुर्‍याउने उद्देश्य अनुरूप रेबिज रोगको जोखिमलाई न्यूनीकरण गर्न सकियोस् भन्ने उद्देश्यका साथ दुल्लू नगरपालिकाको नीति तथा कार्यक्रम सहज, सरल, प्रभावकारी, पारदर्शी रूपमा सञ्चालन गर्न स्थानीय सरकार सञ्चालन ऐनको दफा १०२ (२) को अधिकार प्रयोग गरी दुल्लू नगरपालिका, नगर कार्यपालिकाबाट "कुकुर बन्ध्याकरण तथा रेबिज रोग नियन्त्रण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३ जारी गरिएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "कुकुर बन्ध्याकरण तथा रेबिज रोग नियन्त्रण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३" हुनेछ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कार्यविधि" भन्नाले कुकुर बन्ध्याकरण तथा रेबिज रोग नियन्त्रण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३ लाई सम्झनुपर्दछ ।

(ख) "नगरपालिका" भन्नाले दुल्लू नगरपालिकालाई सम्झनुपर्दछ ।

(ग) "कार्यपालिका" भन्नाले दुल्लू नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनुपर्दछ ।

(घ) "कार्यालय" भन्नाले दुल्लू नगरपालिका, नगर कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्दछ ।



CamScanner

(ङ) "शाखा" भन्नाले दुल्लू नगरपालिकाको पशुपन्छी विकास शाखालाई सम्झनुपर्दछ ।

(च) "वडा कार्यालय" भन्नाले दुल्लू नगरपालिकाको १३ वटै वडा कार्यालयहरू सम्झनुपर्दछ ।

(छ) "पशु अस्पताल" भन्नाले पशु अस्पताल तथा पशुसेवा कार्यालय, दैलेखलाई सम्झनुपर्दछ ।

(ज) "कार्यक्रम" भन्नाले कुकुर बन्ध्याकरण तथा रेविज रोग नियन्त्रणका लागि गरिने सबै किसिमका कार्यहरू सम्झनुपर्दछ ।

**३. उद्देश्यः** यस कार्यविधि जारी गर्नुको उद्देश्यहरू देहायबमोजिम हुनेछन्:-

(क) शाखाको नीति तथा कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्ने।

(ख) कुकुर बन्ध्याकरण तथा रेबिज रोग विरुद्ध खोप कार्यक्रम सञ्चालन गर्ने।

(ग) रेबिज रोगबारे जनचेतनामूलक सामग्री तयार गरी प्रचार-प्रसार गर्ने।

(घ) सङ्क्रमित जनावरको टोकाइको कारण रेबिज रोगको उच्च जोखिममा रहेका पशु तथा मानिसमा जोखिम न्यूनीकरण गर्न सहयोग पुर्‍याउने।

**४. कार्यक्रम सञ्चालन प्रक्रिया:-** (१) कार्यक्रम प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम पशु कल्याणमा संलग्न संघ/संस्था वा भेटेरिनरी क्लिनिकसँगको सहकार्यमा शाखाबाट तोकिएको स्थानमा कुकुर/बिरालोको संख्या निर्धारण गरी सञ्चालन गरिनेछ ।सार्वजनिक खरीद ऐन तथा नियमावली वमोजिम कार्यक्रम संचालन गर्ने संस्थाको छनौट गरिने छ।

(२) उपदफा (१) बमोजिम कुनै पनि संस्थाहरूको प्रस्ताव नआएमा वा आएका प्रस्तावहरू प्राविधिक दृष्टिकोणले उपयुक्त नठहरिएको अवस्थामा शाखाले पशु अस्पतालसँग समन्वय तथा सहकार्य गरी कुकुर बन्ध्याकरण कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

(३) कार्यक्रम अन्तर्गत सामुदायिक तथा घरपालुवा भाले/पोथी कुकुरहरूको बन्ध्याकरण गरिनेछ ।

**५. रेबिज खोप सम्वन्धी व्यवस्था:** (१) घरपालुवा कुकुर र बिरालोहरूलाई वर्षमा एक पटक रेबिज खोप लगाइनेछ ।

(२) रेबिज खोप सेवा सञ्चालनको लागि रेबिज खोप तथा त्यसका लागि चाहिने आवश्यक लजिस्टिकहरू प्रचलित कानून बमोजिम शाखाले खरिद गर्नेछ ।

(३) शाखाले वडा कार्यालयहरूसँग समन्वय गरी सबै वडामा रेबिज खोप कार्यक्रम सञ्चालन गर्नेछ ।

(४) रेबिज खोप शिविर सञ्चालन गर्दा सरकारी तथा निजी प्राविधिक र खोपकर्ताहरूलाई आवश्यकताअनुसार शाखाले परिचालन गर्नेछ ।

(५) शाखाबाट तोकिएको कर्मचारीको प्रत्यक्ष सुपरिवेक्षणमा कार्यक्रमहरू सञ्चालन हुनेछ ।

(६) शाखाले रेबिज रोग सम्वन्धमा जनचेतना अभिवृद्धि गर्न सूचनामूलक सामग्री तयार तथा वितरण गर्न सक्नेछ ।



CamScanner

(७) सम्पन्न कार्यको प्रगति विवरण शाखाले तयार गरी कार्यालयमा पेश गर्नेछ ।

**६. खर्च तथा पारिश्रमिक सम्बन्धी व्यवस्थाः** (१) कार्यक्रम सञ्चालनका लागि देहायवमोजिम खर्च गर्न सकिनेछः

(क) भाले तथा पोथी कुकुर/बिरालो बन्ध्याकरण गरेबापत प्रति कुकुर/बिरालो रु ३,०००।०० (अक्षरेपी तीन हजार रुपैया मात्र) मा नबढ्ने गरी खर्च गर्न सकिनेछ, जस अन्तर्गत बन्ध्याकरणका लागि आवश्यक पर्ने औषधी, उपकरण, सर्जिकल सेवा, आहारा व्यवस्थापन, सम्वन्धित स्थानबाट ल्याउने, पुर्‍याउने, प्रचार प्रसार र अन्य सम्पूर्ण व्यवस्थापन सम्वन्धी कार्यहरू रहेका छन्।

(ख) रेबिज खोप लगाए बापत प्रति कुकुर/बिरालो रु १००।०० (अक्षरलेपिं एक सय रुपैयाँ मात्र) उपलब्ध गराइनेछ ।

ग) यो कार्यक्रम कार्यन्वयन गर्न कुल बजेटको अधिकतम १०' प्रतिशतले हुन आउने रकम कार्यक्रमको अनुगमन तथा प्रशासनिक कार्यका लागि खर्च गर्न सकिनेछ।

**७. अनुगमन, मूल्याङ्कन र प्रतिवेदनः** (१) कार्यक्रमको अनुगमन र मूल्याङ्कन दुल्लू नगरपालिकाको पशुपन्छी विकास शाखाबाट हुने छ ।

(२) कार्यक्रम सम्पन्न भइसकेपछि प्रमाणित कागजातहरूका साथ कार्यक्रमको समग्र प्रतिवेदन कार्यक्रम सञ्चालक संस्था/प्राविधिकले शाखालाई पेश गर्नुपर्नेछ । शाखाले प्रतिवेदन प्राप्ति पश्चात् कार्यालयलाई नियमानुसार भुक्तानीका लागि सिफारिस गर्नेछ ।

**८. बाधा अड्काउ फुकाउने:** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ उत्पन्न भएमा बाधा अड्काउ फुकाउने अधिकार नगर कार्यपालिकामा रहनेछ ।

**९. संशोधन:** यस कार्यविधिलाई आवश्यक संशोधन वा थपघट गर्ने अधिकार प्रचलित कानूनको अधीनमा रही नगर कार्यपालिकामा हुनेछ।

मितिः २०८३।०६।१४

आज्ञाले

टंक राज गौतम

प्रमुख प्रशासकीय अधिकृत